**नेपाल राष्ट्र बैंक**
**सामान्य सेवा विभाग**

# पुराना यस बैंकलाई काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरू सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/१०/१६
लिलाम सूचना नं.: अन्य सम्पत्ति/लिलाम/२०७५/७६/०१

यस बैंकका देहाय बमोजिमका पुराना काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरू जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी १६ (सोह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| समूह | सामानको विवरण | न्यूनतम् मुल्य(मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| १. | कम्प्युटर एसेसरिज(कम्प्युटर, ल्यापटप, प्रिन्टर, युपिएस आदि), फर्निचर एण्ड फिक्स्चर, मेशिनरी इक्युपमेण्ट, अफिस इक्युपमेण्ट (एयर कन्डिसनर, फोटोकपी आदि) र विविध फुटकर सामान (दराज, कुर्सी, काठपात, यु.पि.एस. ब्याट्री, फलामका सामान तथा टुक्राटुक्री, खुला र्‍याक, डण्डी आदि) | रू. १०,५४,८६१.२६ | कबोल रकमको ५ प्रतिशतमा नघटाई (मु.अ.करसहित) |
| | **जम्मा** | रू. १०,५४,८६१.२६ | |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
(क) स्थान : सामान्य सेवा विभाग, बालुवाटार
(ख) समय : दिनको १:०० बजे
(ग) मिति : २०७५/११/०२

(२) बोलपत्रसाथ बोलपत्र जमानत बापत् आफूले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले ३० दिन मान्य अवधि रहेको यस बैंकको नाममा जारी भएको बैंक जमानत (शर्तरहित) समावेश हुनुपर्नेछ।

(३) लिलामसम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नुपर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत् जम्मा गरेको रकम जफत गर्न सकिनेछ।

(४) बोलपत्र फाराम रू. १,०००/- (रु. एक हजार मात्र) (पछि फिर्ता नहुने) बुझाई यस बैंकको सामान्य सेवा विभागबाट लिन सकिनेछ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग (**सम्पर्क नं.** ४४१९८०४/५ **-Ext.** ३७०) मा सम्पर्क राख्न सकिनेछ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

(७) बोलपत्रसम्बन्धी सूचना यस बैंकको वेवसाईटः **www.nrb.org.np** मा हेर्न सकिनेछ।

**नेपाल राष्ट्र बैंक**
**सामान्य सेवा विभाग**